# दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०७८

| सभाबाट पारित गरेको मिति :- | २०७८/०३/२५ |
|---|---|

## दंगीशरण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### हेकुली, दाङ

**लुम्बिनी प्रदेश, नेपाल**

# दंगीशरण गाउँपालिकाको आर्थिक ऐन , २०७८

गाउँ सभाबाट स्वीकृत मितिः २०७८/०३/२५

राजपत्रमा प्रकाशित मितिः२०७८/०३/३१

**प्रस्तावना**

दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थसम्वन्धी प्रस्तावलाई कार्यान्वियनको लागि स्थानीय कर, शुल्क, दस्तुर र जरीवाना संकलन गर्ने, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम दंगीशरण गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "दंगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८" रहेको छ ।

(२) यो ऐन संवत् **दुई हजार अठ्हत्तर साल साउन महिनाको एक** गतेदेखि दंगीशरण गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

२. **सम्पत्ति करः** दंगीशरण गाउँपालिको क्षेत्रभित्र अनुसूची (१) बमोजिमको घर र जग्गामा सम्पत्ति कर लगाई असुल उपर गरिनेछ । घरको मुल्याङ्कन अनुसुची (२) अनुसार र घरको बनोटको आधार ह्रास कट्टी अनुसूची (३) र जग्गाको मुल्याङ्कन अनुसूची (४) अनुसार गरिने छ ।

३. **भूमि कर (मालपोत)** : दंगीशरण गाउँपालिका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमी बाहेकको अन्य जग्गामा अनुसूची (५) बमोजिमको भूमि कर (मालपोत) लगाई असुल उपर गरिनेछ ।

४. **घर बहाल करः** दंगीशरण गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, सेड, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले बहालमा लगाई हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा अनुसूची (६) बमोजिम वहाल कर लगाई असुल उपर गरिनेछ ।

५. **व्यवसाय करः** (१) दंगीशरण गाउँपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका कारोवार गर्ने व्यक्ति, संघसस्था वा निकायलाई पूँजीगत लगानी र व्यवसायिकक कारोवारका आधारमा व्यवसाय कर लगाई असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसायिक कारोवारको मूल्यांकन गर्दा व्यवसायको प्रकृति, वार्षिक कारोवार अङ्क, व्यवसाय रहेको स्थान र लगानीको परिमाणलाई समेत विष्लेषण गरी अनुसूची (७) बमोजिम व्यावसाय कर लगाईनेछ । त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तीय संस्था र सुपरमार्केटको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारको आधारमा अलग अलग ईकाइ मानी असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** दंगीशरण गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, बनकस, कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जविजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसुचि (८) बमोजिमको कर लगाई असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** दंगीशरण गाउँपालिका भित्र दर्ता तथा ईजाजत प्राप्त गरी सञ्चालन हुने ईरिक्शा, अटोरिक्सा टाँगा, ठेला आदि सवारी साधनमा अनुसूची (९) बमोजिमको कर लगाई असुल उपर गरिनेछ ।

८. **विज्ञापन करः** दंगीशरण गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (१०) बमोजिमको कर लागाई असुल उपर गरिने छ ।

९. **मनोरञ्जन करः** दंगीशरण गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन कर लगाई असूल उपर गरिनेछ ।

१०. **बहाल विटौरी शुल्कः** दंगीशरण गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको वजार वा पसल वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा सडक वा वाटो किनारामा वनेको संरचनामा वन विशेष मेला पर्वमा अनुसूची (११) मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

११. **सवारी साधन पार्किङ्ग शुल्कः** दंगीशरण गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूची (१२) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाई असुल उपर गरिने छ । कुनै पनि पार्किङ्ग व्यावसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाहरुले दंगीशरण गाउँपालिकाको पुर्व स्वीकृति लिएको हुनुपर्ने छ ।

१२. **सेवा शुल्क, दस्तुरः** दंगीशरण गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१३) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाई असुल उपर गरिनेछ ।

१३. **घरजग्गा रजिष्ट्रेशन शुल्क** : दंगीशरण गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेसन पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

१४. **पर्यटन शुल्कः** दंगीशरण गाउँपालिकाले तोकेको स्थानमा पर्यटक प्रवेश गर्दा कार्यपालिकाले तोकेको दरमा पर्यटन शुल्क लगाई असुल उपर गरिने छ ।

१५. **जरिवाना** :गाउँपालिका क्षेत्रभित्र प्रचलित कानुनको बर्खीलाप हुने गरी कार्य गर्नेलाई अनुसूची (१४) वमोजिम जरिवाना हुनेछ ।

१६. **घर नक्सापस दस्तुर** : दंगीशरण गाउँपालिका भित्र निर्माण हुने घर नक्सा पासको लागि अनुसूचि (१५) बमोजिम दस्तुर लगाई असुल उपर गरिनेछ ।

१७. **कर छुट तथा प्रोत्सहन सम्वन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कर छुट दिइने छैन ।

(२) दफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि वर्तमान कोभिड-१९ को संक्रमणको अवस्था र समावेशी विकासको अवधारणलाई दृष्टिगत गरी गाउँ कार्यपालिकाले औचित्य स्पष्ट गरी सर्वसम्मत निर्णयले वढीमा अनुसूची (१६) मा लेखिए बमोजिम कर छुट दिने निर्णय गर्न सक्नेछ र त्यस्तो निर्णयवाट आर्थिक वर्ष भरीमा दिईएको कर छुटको क्षेत्र र रकम सहित उल्लेख गरी छुटै प्रतिवेदन बनाई आगामी गाउँसभामा पेश गर्नु पर्नेछ ।

(३) गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने कर नतिर्ने व्यक्ति तथा संस्थाको हकमा नागरिकता सिफारिस र व्यक्तिगत घटना दर्ता बाहेक गाउँपालिकाले प्रदान गर्ने अन्य सेवा सुविधाबाट बञ्चीत गर्ने गरी कार्यपालिकाले निर्णय गर्नसक्नेछ ।

(४) दंगीशरण गाउँपालिका क्षेत्र भित्र अवैध रुपमा नदिजन्य पदार्थको ओसारपसार गर्न पाईने छैन ।

(५) दफा (४) को विपरित कार्य गर्नेलाई जरिमाना गर्न सहयोग पुऱ्याउने प्रहरी प्रशासनलाई अनूसुची (१६) बमोजिमको प्रोत्साहन रकम उपलब्ध गराईने छ ।

१८. **सहकार्यमा राजस्व संकलन गर्न सकिने** : कवाडी कर लगायतका राजस्व संकलन गर्दा जिल्लाका अन्य स्थानीय तहहरुका साथै सेवा प्रदायकहरु सँगकोसहकार्य प्रभावकारी हुने देखिएमा गाउँ कार्यपालिकाले निर्णय गरी सहकार्यमा राजस्व संकलन गर्न सकिनेछ ।

१९. **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची-१

### सम्पत्ति करको दर

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (२) सँग सम्बन्धित

| सि.नं | सम्पत्तिको मुल्याङ्कन रु | बार्षिक करको दर रु. |
|---|---|---|
| १ | १ लाख सम्म | ३०।- |
| २ | १ लाख माथि १० लाख सम्म | थप प्रति हजार ।२० पैसा |
| ३ | १० लाख माथि २० लाख सम्म | थप प्रति हजार ।२५ पैसा |
| ४ | २० लाख माथि ४० लाख सम्म | थप प्रति हजार ।३० पैसा |
| ५ | ४० लाख माथि ६० लाख सम्म | थप प्रति हजार ।३५ पैसा |
| ६ | ६० लाख माथि १ करोड सम्म | थप प्रति हजार ।४० पैसा |
| ७ | १ करोड माथि २ करोड सम्म | थप प्रति हजार ।४५ पैसा |
| ८ | २ करोड माथि ५ करोड सम्म | थप प्रति हजार ।५० पैसा |
| ९ | ५ करोड मांथि १० करोड सम्म | थप प्रति हजार ।६० पैसा |
| १० | १० करोड देखी माथि जुनसुकै | थप प्रति हजार ।७० पैसा |

## अनुसूची-२

### भवनको वा संरचनाको मुल्याङ्कन दर

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (२) सँग सम्बन्धित

| क.स. | भवन वा संरचनाको विवरण | प्रति बर्गफिट मूल्याङ्कन | कैफियत |
|---|---|---|---|
| १ | आर.सि.सि फ्रेम स्ट्रक्चर | २०००।- | |
| २ | सिमेन्ट मसलाको जोडाई | ९००।- | |
| ३ | माटोको जोडाई | ४००।- | |
| ४ | बारेको खरको छाना र माथि खुल्न नसकेका अन्य सबै | १००।- | |

## अनुसूची-३

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (२) सँग सम्बन्धित

### भवनको ह्रास कट्टी प्रतिशर्त र ह्रास कट्टी गर्ने अवधि दर

भवनको वनोट र सोमा ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति ( Straight Line Method) अनुसार हुनेछ । यसको गणना देहाय बमोजिम गरिनेछ ।

| क्र.स. | भवनको प्रकार / वनोट | वार्षिक ह्रास | ह्रास कट्टी अवधी |
|---|---|---|---|
| १. | आर.सि.सि फ्रेम स्ट्रक्चर | १% | ७५ बर्ष |
| २. | सिमेन्ट मसलाको जोडाई | १.५ % | ५० बर्ष |
| ३. | माटोको जोडाइ | ३% | २५ बर्ष |
| ४. | बारेको खरको छाना र माथि खुल्न नसकेका अन्य सबै | ३% | २५ बर्ष |

प्रमाणित

अनुसूची-४

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (२) सँग सम्बन्धित

**सम्पत्ति कर प्रयोजनका लागि जग्गाको मुल्याङ्कन दर**

| | | |
|---|---|---|
| **१ नं वडा क्षेत्र भित्रको घरले चर्चेको जग्गाको मूल्यांकन** | | |
| क्र.सं. | विवरण | न्यूनतम दर प्रति कठ्ठा |
| १ | बखरिया बुट्केसाल सडक १० मि | २०००००।- |
| २ | स्यानोधारा गनारी , छरकट्टा, प्रहरी चौकी गैडा, झोलुंगे पुल, पुन टोल, रामपुर गाउँको सडक, पदमपुर रहरपुर बैवांगजाने सडक (७ मि) | १०००००।- |
| ३ | जुंगे खोलाशिवपुरी, भरैया, भुयाँरथान, छहरेखोला, धनटाकुरा, बुट्केसाल, रहरपुर पुल देखि पश्चिम जाने बाटो, स्कुल चोक पुल देखि रहरपुर जाने बाटो, अन्य भित्रि सडक सबै | ७५०००।- |
| ४ | फुर्केसल्ली | ३००००।- |
| ५ | अन्य स्थान | ५००००।– |
| **२ नं वडा क्षेत्र भित्रको घरले चर्चेको जग्गाको मूल्यांकन** | | |
| ६ | बंगालपुर बुर्केसालदमारगाउँगोल्टाकुरी सडक १० मि | २०००००।- |
| ७ | सरुवाडाँडा, कौवाघारी, बंगलापुर कौवाघारी प्राविकोघारी सडक बंगालपुर सरुवाडाँडा कौवाघारी सिमलकुना सरुवाडाँडा स्यानोधारा मथिल्लो सडक ७ मि, डागीचौर देखि माथिल्लो सडक, बङ्लापुर रिङरोड, कौवाघारी रिङरोड, अन्य भित्रि सडक सबै | १०००००।- |
| ८ | अन्य स्थान | ५००००।- |
| **३ नं वडा क्षेत्र भित्रका घरले चर्चेको जग्गाको मूल्यांकन** | | |
| ९ | हेकूलीकूलो देखी हेकूली स्कुलचौक सडक १२ मि | ६०००००।- |
| १० | चखौरा देखि दामोदर सडक १० मि | ३५००००।- |
| ११ | दामोदर सडक | ४०००००। |
| १२ | हेकूलीचौक चिरागार, चखौरा देखी मायाखोला, नयाँबस्ती बाटो , अन्य भित्रि सडक सबै | २००००/- |
| १३ | अन्य स्थान | १०००००।- |
| **४ नं वडा क्षेत्र भित्र घरले चर्चेको जग्गाको मूल्यांकन** | | |
| १४ | हेकुलीचौक बैवांगओरालो सम्म | ६०००००।- |
| १५ | हेकुलीचौक शिवमन्दिर सम्म | ६०००००।- |
| १६ | दामोदर सडक | ४०००००।- |
| १७ | बैवांगओरालो देखि बबई, | ३०००००।- |
| १८ | कृषि सडक | २५००००।- |
| १९ | मौली सरीया सतीमन्दिर मौनवा कुरेवा टोल शिवमन्दिर कुकुर खेला बेलझुण्डी कनरीया टोल ठूलो खल्यान सलौरा स्कूलबालूवा टोल ७मि र अन्य भित्रि सडक सबै | २०००००।- |
| २० | अन्य स्थान | १०००००।- |

| ५ नं वडा क्षेत्र भित्रको घरले चर्चेको जग्गाको मूल्यांकन | | |
|---|---|---|
| क्र.सं. | विवरण | न्यूनतम दर प्रति कठ्ठा |
| २१ | सुर्खेत रोड सडक ३० मी | ८०००००।- |
| २२ | गाउँपालिकाजाने बाटो १२ मि | ६०००००।- |
| २३ | नन्द्रागाउँ कृषि सडक, डाडागाउँ कुर्री, पोटली सलौरा मिरौली रावतगाउँ सडकखण्ड, डाँडाचिस सलौरा, लौवस्ताखलुवाचिस सलौरा सडक १० मि | २५०००।- |
| २४ | घडेरी टोलजाने बाटो, कुमलगढी मायाखोलाजाने बाटो, खलुवाचिस देवीगंज सलौरा लगायत बस्ती भित्रकाभित्री बाटाहरु (८ मि), अन्य भित्रि सडक सबै | २०००००।- |
| २५ | अन्य स्थान | १००००० ।- |
| **६ नं वडा क्षेत्र भित्र घरले चर्चेको जग्गाको मूल्यांकन** | | |
| २६ | सुर्खेत सडक खण्ड | ८०००००।- |
| २७ | बागर थपगाउँ | ३५००००।- |
| २८ | दामोदर सडक | ४०००००।- |
| २९ | बागर डाडाकुलो नयाँबस्ती राजपुर भित्री सडक परसडुवा ढुकुरे डाँडा बुराडाबर मैरवा भण्डारी टोल गिरी टोल खड्का टोल लेटार पूर्वी टोल मध्य टोल र पश्चिम टोल खड्क पुर टोल थपगाउँ रिंग रोड(७मि), अन्य भित्रि सडक सबै | २५००००।- |
| ३० | अन्य स्थान | १००००० ।- |
| **७ नं वडा क्षेत्र भित्र घरले चर्चेको जग्गाको मूल्यांकन** | | |
| ३१ | सुर्खेत सडक खण्ड | ८०००००।- |
| ३२ | दामोदर सडक थपगाउँ देखीकोईराल डाँडा १०मि | ४०००००।- |
| ३३ | सुर्खेत रोड देखी बुटुनिया सम्म ९ मि | ३५००००।- |
| ३४ | बुटुनिया बुट्टीपुर, मन्त्री डाँडा बाँकादुबीचौर,बाँका रजपल, श्रीगाउँ रजपल, कोईराल डाँडा बुढा डावर, गोरक्ष टोल पूर्व रजपल सम्मका७ मिटरका सडकखण्डहरु, अन्य भित्रि सडक सबै | २५००००।- |
| ३५ | अन्य स्थान | १००००० ।- |

**अनुसूची-५**

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (३) सँग सम्बन्धित

**गाउँपालिका क्षेत्र भित्रका जग्गालाई देहाय अनुसार वर्गिकरण गरिएको छः**

| जग्गाको बर्ग | जग्गाको विवरण |
|---|---|
| 'क' | वडा नं. ५, ६ र ७ को तुलसीपुर पुरन्धारा सडकमा पर्ने जग्गा |
| 'ख' | वडा नं.३, ४, ५, ६ र ७ को जुनसुकै भित्रि सडकको जग्गा |
| 'ग' | वडा नं.३, ४, ५, ६ र ७ को जुनसुकै खेतियोग्य जग्गा |
| 'घ' | वडा नं. १ र २ को बखरिया-बुर्केसाल सडकसँग जोडीएको जग्गा |
| 'ङ' | वडा नं. १ र २ को जुनसुकै भित्रि सडकसँग जोडीएको जग्गा |
| 'च' | वडा नं.१ र २ को जुनसुकै खेतीयोग्य जग्गा |

गाउँपालिका क्षेत्र भित्र देहाय अनुसार भूमी कर (मालपोत) लगाईने छ :

| क.सं. | जग्गाको क्षेत्रफल | मालपोत दर प्रति कट्ठा |
|---|---|---|
| १. | जग्गाको क्षेत्रफल | १० कट्ठा सम्म रु.१०।- प्रति कट्ठा |
| | | १० कट्ठा भन्दा बढी १ विगाहा सम्मा रु.१५।- प्रति कट्ठा |
| | | १ विगाहा भन्दा बढी २ विगाहा सम्मा रु.२५।- प्रति कट्ठा |
| | | २ विगाहा भन्दा बढी ३ विगाहा सम्मा रु.३५।- प्रति कट्ठा |
| | | ३ विगाहा भन्दा बढी जतिसुकै रु.४५।- प्रति कट्ठा |

वक्यौताको हकमा पनि यसै व्यवस्था बमोजिम मालपोत उठाइने छ र वक्यौता रकममा दफा (१५) बमोजिमको थप जरिवाना लाग्नेछ ।

## अनुसूची-६

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (४) सँग सम्बन्धित

घर बहाल कर

| सि.न. | राजस्व विवरण | दर |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, गोदाम, भवन, पसल, टहरा, ग्यारेज, जग्गा, पोखरी वा अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा बहाल लागेको मितिका आधारमा बहाल अङ्कको दर | १०% |

संगठित व्यक्ति वा संस्थाले बहाल बुझाँउदा अग्रीम रुपमा स्रोतमा कर कट्टि गरी दाखिला गर्नुपर्नेछ । कर अवधी गणना गर्दा दैनिक, मासिक वा बार्षिक अवधीलाई आधार मानिनेछ । गाउँ कार्यपालिकाले विभिन्न क्षेत्रको न्यूनतम बहाल दर तोक्न सक्नेछ । न्युनतम बहाल दर नतोकीयको अवस्थामा करदाताले स्वयं घोषणा गरेको आधारमा बहाल कर निर्धारण गरिने छ ।

## अनुसूची-७

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (५) सँग सम्बन्धित

व्यवसाय कर

गाउँपालिका क्षेत्रभित्र सन्चालित तथा अबदेखि दर्ता हुने उद्योग व्यवसायको गाउँपालिकामा दर्ता गरी दर्ता दस्तुर रु.२०० लिई लगानी र प्रकारको आधारमा देहाय बमोजिमको बार्षिक व्यवसाय कर लगाइने छ :

| सि.न. | व्यावसाय | प्रकार | दर |
|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | ३०००।- |
| | | थोक | २५००।- |
| | | खुद्रा | २०००।- |
| २ | सिडी,रेडियो,क्यासेट बिकी पसल | वितरक | १५००/- |
| | | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| ३ | चुरोट, बिडी सुर्ति जन्य | वितरक | २०००/- |
| | | थोक | १५००/- |
| | | खुद्रा | १०००/- |
| ४ | मोबाईल एसेसरीज | वितरक | १५००/- |
| | | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |

| | | | |
|---|---|---|---|
| ५ | पुस्तक पसल तथा स्टेशनरी | वितरक | १५००/- |
| | | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| ६ | तयारी लुगा | वितरक | १५००/- |
| | | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| ७ | हार्डवियर/मेसिनरी/स्यानीटरी/मार्वल पसल | वितरक | ३०००/- |
| | | थोक | २५००/- |
| | | खुद्रा | २०००/- |
| ८ | बिजुली सामान पसल | वितरक | १५००/- |
| | | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| ९ | श्रृगार पसल | खुद्रा, थोक | ५००/- |
| १० | रोडा बालुवा | भण्डारण तथा बिक्रि | १००००/- |
| | | प्रशोधन तथा बिक्रि | ५०००००/- |
| ११ | पेट्रोलिएम पदार्थ | पेट्रोलपम्प | ३०००/- |
| | | पेट्रोल बिक्रि केन्द्र | १०००/- |
| | | ग्याँस सिलिण्डर डिलर/सब डिलर | ५००/- |
| | | मट्टितेल मात्र | ५००/- |
| १२ | औषधी पसल (मानब उपचार सँग सम्बन्धीत) | थोक | ३०००/- |
| | | खुद्रा डाक्टरको परामर्श सेवा सहितको | १०००/- |
| | | खुद्रा डाक्टरको परामर्श सेवा नभएको | ५००/- |
| १३ | एग्रो भेट ( पशु पंक्षिको औषधी उपचार सँग सम्बन्धीत) | थोक | ३०००/- |
| | | खुद्रा पशु चिकित्सकको परामर्श सेवा सहितको | १०००/- |
| | | खुद्रा पशु चिकित्सकको परामर्श सेवा नभएको | ५००/- |
| १४ | खाद्य पसल/किराना/हल्का पेय पदार्थ | वितरक | ३०००/- |
| | | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| १५ | कपडा पसल (तयारी पोशाक बाहेक) | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| १६ | तरकारी पसल | थोक | १०००/- |

| | | | |
|---|---|---|---|
| | | खुद्रा | ५००/- |
| १७ | फलफुल | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| १८ | डेरी/दुध/दही /बेकरी | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| १९ | भाँडा पसल | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| २० | गिफ्ट /खेलौना | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| २१ | साईकल मर्मत/ साईकल बिक्री सो रुम | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| २२ | मोटरसाईकल मर्मत / बिक्री डिलर | बिक्री डिलर (मर्मत समेत) | ३०००/- |
| | | मर्मत | ५००/- |
| २३ | सुन चाँदी पसल | थोक | १५००/- |
| | | खुद्रा | ५००/- |
| २४ | माछा/मासु बिक्री पसल (फ्रेस हाउस) | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| २५ | छपाई प्रकाशन | अफसेट प्रेस | १०००/- |
| | | साधारण | ५००/- |
| २६ | मोटर पार्टश | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| २७ | प्लाई तथा ग्लास | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| २८ | स्टील आल्मुनियम पसल | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| २९ | तयारी फर्निचर पसल | थोक | २०००/- |
| | | खुद्रा | ५००/- |
| ३० | कपडा सिलाई कटाई/गार्मेन्ट पसल | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| ३१ | स्नुकर तथा पुल हाउस/क्यारेम बोर्ड | व्यवसायिक | १०००/- |
| ३२ | माटाका भाँडा पसल | थोक | ५००/- |
| | | खुद्रा | २००/- |
| ३३ | गल्ला पसल | व्यवसाय | ५००/- |
| ३४ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | चिकित्सक | २०००/- |
| | | कन्सल्टेन्ट सेवा ( ईन्जिनीयरिङ्ग) | १०००/- |

| | | | |
|---|---|---|---|
| | | कानुन व्यावसायि ल फर्म | ५००/- |
| | | दन्त चिकित्सक | १०००/- |
| | | अनुसन्धानकर्ता परामर्शदाता | ५००/- |
| | | पशु चिकित्सक | १०००/- |
| | | रोजगार सेवा | १०००/- |
| ३५ | ढुवानी तथा ट्रान्सपोर्ट | व्यवसाय | १०००/- |
| ३६ | पेन्टर/साईनबोर्ड लेख्ने आदि | व्यवसाय | ५००/- |
| ३७ | जग्गा व्यवसायि | सेवा | २०००/- |
| ३८ | निमार्ण व्यवासायि | व्यावसाय | २०००/- |
| ३९ | अन्य व्यवसाय | जुनसुकै | ५००/- |
| **कृषिमा आधारीत व्यवसाय** | | | |
| ४० | रासायनिक मल बिक्रेता प्रमाणपत्र नविकरण | व्यवसायिक सहकारी | १०००/- |
| ४१ | कखुरापालन /भैंसी पालन/बंगुरपालन /हाँसपालन /माछापालन/ माहुरीपालन व्यवसाय वा बहुउद्देश्यीय व्यवसाय आदि | ५ लाख सम्मको लगानी भएको | ५००/- |
| | | ५ लाख भन्दा माथि २० लाख सम्म लगानी भएको | १०००/- |
| | | २० लाख देखि माथि ५० लाख सम्मको लगानी भएको | १५००/- |
| | | ५० लाख देखि माथि १ करोड सम्मको लगानी भएको | २०००/- |
| | | १ करोड भन्दा माथि १० करोड सम्म | ५०००/- |
| | | १० करोड भन्दा माथिका सबै | ७०००/- |
| ४२ | वनजन्य उत्पादन सँग सम्बन्धीत व्यवसाय (गैर काष्ठ जन्य जडिबुटी उत्पादन, काष्ठ जन्य उत्पादन निजी वन आदि) | ५ लाख सम्मको लगानी भएको | ५००/- |
| | | ५ लाख भन्दा माथि २० लाख सम्म लगानी भएको | १०००/- |
| | | २० लाख देखि ५० लाख सम्मको लगानी भएको | १५००/- |
| | | ५० लाख देखि १ करोड सम्मको लगानी भएको | २०००/- |
| | | १ करोड भन्दा माथि १० करोड सम्म | ५०००/- |
| | | १० करोड भन्दा माथिका सबै | ७०००/- |
| **उत्पादन मुलक उद्योग** | | | |

| | | | |
|---|---|---|---|
| ४३ | कुटानी/पेलानी खाद्यान्न/मसला मिल | थोक, खुद्रा | १०००।- |
| ४४ | डेरी उद्योग | थोक, खुद्रा | ५००।- |
| ४५ | ग्रील उद्योग | | १०००/- |
| ४६ | जुत्ता उद्योग | | ५००/- |
| ४७ | साना घरेलु उद्योग( मैन बत्ति, टीकी, अचार तथा अन्य कुटिर) | | १००/- |
| ४८ | कपडा तथा गार्मेन्ट उद्योग | | १०००/- |
| ४९ | सिरक, डसना लगाएतका बिछ्याउने तथा ओडने सामान सँग सम्बन्धीत | | ५००/- |
| ५० | उपभोग्य बस्तु उत्पादन उद्योग | कुकिज/नुडल्स | ५००/- |
| | | दालमोट/पाउरोटी/चाउमिन | २००/- |
| | | पापड/चिप्स/फिगर | २००/- |
| ५१ | बनजन्य उद्योग | स मिल प्लाई उद्योग | ३०००/- |
| | | काठ चिरानी तथा बिक्रि डिपो | ५०००/- |
| | | नर्शरी (विरुवा उत्पादन) | २००/- |
| ५२ | क्रसर, कन्क्रिट/ईटा उद्योग | उद्योग | ५०००/- |
| ५३ | साना/मझौला उद्योग | उद्योग | २०००।- |
| ५४ | ठूला उद्योग | उद्योग | १००००।- |
| ५५ | अन्य उद्योग | उद्योग | ५००।- |
| **पर्यटन उद्योग** | | | |
| ५६ | होटल तथा रेष्टुरेन्ट व्यावसाय | होटल/लज/गेष्ट हाउस | १०००/- |
| | | भोजनालय | ५००/- |
| | | चिया नास्ता /मिठाई पसल | ५००/- |
| | | रेष्टुरेन्ट एण्ड वार | २०००/- |
| | | पार्टी प्यालेस | २०००/- |
| **सेवा उद्योग** | | | |
| ५७ | **सञ्चार** | एफ.एम. प्रशारण | २०००/- |
| | | केवुल च्यानल प्रशारण | २०००/- |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १०००/- |
| | | फाटोकपी/पि.सी.ओ./साईवर तथा क्याफे | ५००/- |
| | | कुरियर सेवा | ५००/- |
| | | कलरल्याब | ५००/- |

| | | | |
|---|---|---|---|
| ५८ | वित्तीय | वाणिज्य बैंक प्रति शाखा/केन्द्रीय कार्यालय | ५०००/- |
| | | विकास बैंक प्रति शाखा/केन्द्रीय कार्यालय | ३०००/- |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | २०००/- |
| | | वित्तीय ऋण सहकारी संस्था | १०००/- |
| | | मनी ट्रान्सफर | १०००/- |
| | | बिमा कम्पनी | २०००/- |
| | | लघु वित्त | २०००/- |
| ५९ | **स्वास्थ्य सेवा व्यवसाय** | निजी अस्पताल तथा नर्सिङ्ग होम | २०००/- |
| | | क्लिनिक तथा ल्याव | ५००/- |
| | | चस्मा पसल | ५००/- |
| ६० | **शिक्षा सेवा व्यवसाय** | क्याम्पस | २०००/- |
| | | माध्यमिक बिद्यालय | २०००/- |
| | | आधारभूत | १५००/- |
| | | छात्राबास | १०००/- |
| | | मन्टेश्वरी | १०००/- |
| | | टिउसन सेन्टर | १०००/- |
| | | कम्प्युटर/नृत्यकला/सिकाई | १०००/- |
| | | तालिम तथा अनुसन्धान केन्द्र | १०००/- |
| ६१ | **मर्मत सम्भार** | टायर-ट्युब मर्मत, रिसोलिङ्ग, हावा भर्ने | ५००/- |
| | | इन्जिन मर्मत | १०००/- |
| | | डेनटिङ्ग/पेन्टीङ्ग | ५००/- |
| | | टि.भि.फ्रिज, मोटर, पङ्खा, रेडियो, घडि, जेनेरेटर, कम्प्युटर, मोवाईल, (ईलेक्ट्रोनिक) | ५००/- |
| | | मोटरसाईकल मर्मत | ५००/- |
| | | अन्य सवारी साधन मर्मत ( बस,जीप आदि) | १०००/- |
| | | अन्य बिविध मर्मत | ५००/- |
| ६२ | ड्राई क्लिनिङ्ग , व्युटी पार्लर तथा सैलुन | व्यवसाय | ५००/- |
| ६३ | फूल/बिरुवा पसल | व्यवसाय | ५००/- |

| | | | |
|---|---|---|---|
| ६४ | मनोरञ्जन कर | जादु सर्कस चटक आदि | २०००/- |
| | | सिनेमा हल तथा मनोरञ्जन प्रवेश स्थलको प्रवेश शुल्क | १००/- |
| ६५ | अन्य जुनसुकै व्यवसाय | व्यवसाय | ५००/- |

अनुसूची-८

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (६) सँग सम्बन्धित

जडिबुटी, कवाडी र जीवजन्तु कर

| क.स. | राजस्व विवरण | दर(रु.) |
|---|---|---|
| १ | ऊन, खोटो, जडिबुटी, बनकस, कानुनले निषेध गरे बाहेकका मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोवार गरे प्रति के.जी. | १० |
| २ | कागज जन्य कवाडी मालबस्तुका लागि प्रतिकिलो ग्राम | १ |
| ३ | फलाम जन्य कवाडी मालबस्तुका लागि प्रतिकिलो ग्राम | २ |
| ४ | स्टीलजन्य कवाडी मालबस्तुका लागि प्रतिकिलो ग्राम | २ |
| ५ | सिसा वा अन्य कवाडी मालबस्तुका लागि प्रतिकिलो ग्राम | २ |

संकलन गर्ने कार्यबिधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुने छ।

अनुसूची-९

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (७) सँग सम्बन्धित

| क.स. | सवारी साधनको किसिम | दर रु. |
|---|---|---|
| १ | ईरिक्शा प्रति सवारी साधन प्रतिवर्ष | ४००/- |
| २ | अटोरिक्सा प्रति सवारी साधन प्रतिवर्ष | ५००/- |
| ३ | टाँगा, ठेला प्रति सवारी साधन प्रतिवर्ष | २००/- |

दंगीशरण गाउँपालिका दर्ता हुने सवारी साधनको दर्ता दस्तुर रु.७००/- लाग्नेछ ।

## अनुसूची-१०

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (८) सँग सम्बन्धित

### विज्ञापन कर

| क्र.स. | विवरण | दर (रु) |
| --- | --- | --- |
| १ | फ्लेक्स वोर्डबाट तयार गरिएको विज्ञापन प्रचार सामाग्रीको प्रतिवर्ष प्रति वर्ग फुट | २०० |
| २ | डिजिटल वोर्ड, ग्लोसाइन वोर्ड, स्टिकरवाट गरिने विज्ञापन प्रचार सामाग्रीको प्रतिवर्ष प्रति वर्ग फुट | ३०० |
| ३ | नियोन साईन र यस्तै विज्ञापन प्रचार सामाग्रीको प्रतिवर्ष प्रति वर्ग फुट | २०० |
| ४ | सवारी साधनमा स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार सामाग्रीका लागि प्रति वर्ष प्रतिवर्गफुट | १०० |
| ५ | सवारी साधनको दाँयावायाँ पट्टीको भागमा अधिकतम वीस स्क्वायर फुट सम्मको अस्थायी प्रकृतिको वोर्ड राखि गरिने विज्ञापनका लागि प्रति महिना | ५० |
| ६ | खेल मैदान, मेला, जात्रा, पर्व र अन्य यस्तै प्रकृतिका अनुमति लिएर गरिने कार्यक्रममा गरिने विज्ञापन वापत सम्वन्धीत आयोजकवाट प्रतिदिन | ३०० |
| ७ | वेलुन, ज्याकेट, साईकल, मोटरसाईकल प्रयोग गरि गरिने विज्ञापन वा डमी प्रचार प्रति गोटा प्रति महिना | १०० |
| ८ | विज्ञापन प्रयोजनका लागि ब्राण्ड कलरका हकमा प्रति वर्गफीट प्रतिवर्ष | २०० |
| ९ | अन्य विज्ञापनका हकमा प्रतिवर्ष प्रतिवर्गफीट | २०० |

गाउँपालिका क्षेत्र भित्र गाउँ कार्यपालिका कार्यालय वा सम्बन्धीत वडा कार्यालयको अनुमति लिएर मात्र विज्ञापन सामाग्री राख्न पाइने छ ।

१.भवनको छत, कौशी वा पुरै झ्याल ढाक्ने गरी विज्ञापन सामाग्री राख्न पाइने छैन ।

२.बाटोको सिमाना देखि १० फिट भित्र र सँधियारको सिमाना देखि ५ फिट भित्र तथा सार्वजनिक निकायमा सार्बजनिक हितसँग सम्बन्धीत बाहेक विज्ञापन सामाग्री राख्न पाइने छैन ।

३.भवन, जमिन, व्यापारिक केन्द्र, पसल, होटल, रेष्टुरेन्ट, विद्यालय, पेट्रोल पम्प लगायत भवनको भित्रि भागमा विज्ञापन प्रयोजनको लागि राखिएको प्रचार सामाग्रीमा विज्ञापन कर छुट हुने छैन ।

४.सुर्तिजन्य, मदिरा तथा नेपाल सरकार र गाउँ कार्यपालिका कार्यालयबाट निषेध गरिएका विज्ञापन वा प्रचार सामाग्री राख्न पाइने छैन ।

## अनुसूची-११

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (११) सँग सम्बन्धित

### वहाल विरौटी शुल्क

| क्र.स. | विवरण |
| --- | --- |
| १ | गाउँ कार्यपालिकाले तोके बमोजीम बहाल बिटौरी कर उठाइने छ । |

## अनुसुची १२

### सवारी साधन पाकिङ्ग शुल्क

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (११) सँग सम्बन्धित

| क्र.स. | विवरण | दर |
| --- | --- | --- |
| १ | दुई पाँग्रे सवारी साधनका लागि पहिलो एक घण्टा सम्म | १० |
| २ | दुई पाङ्ग्रे सवारी साधनका लागि प्रति पटक | २० |
| ३ | चार पाङ्ग्रे सवारी साधनका लागि पहिलो एक घण्टासम्म | ३० |
| ४ | चार पाङ्ग्रे सवारी साधनका लागि प्रति पटक | ५० |

* दंगीशरण गाउँपालिकाले सवारी साधन पाकिङ्ग शुल्क स्थानका आधारमा निर्धारण गरी लागु गर्न समेत सक्नेछ ।

**अनुसुची १३**

सेवा शुल्क, दस्तुर

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (१२) सँग सम्बन्धित

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| १ | विपन्ता सिफारिस तथा प्रमाणित | निशुल्क |
| २ | असहाय सिफारिस तथा प्रमाणित | निशुल्क |
| ३ | अपाङ्गता सिफारिस | निशुल्क |
| ४ | मिलापत्र निवेदन | १०० |
| ५ | मिलापत्र दस्तुर १० लाख सम्म विगो खुलेको | ०.१ प्रतिशत |
| ६ | मिलापत्र दस्तुर १० लाख देखि माथीको विगो खुलेकोमा विगोको | ०.२ प्रतिशत |
| ७ | मिलापत्र दस्तुर विगो नखुलेकोमा | १००० |
| ८ | मुद्दा दर्ता दस्तुर र प्रति उत्तर दस्तुर | १०० |
| ९ | नक्कल निवेदन | १०० |
| १० | नागरिकता सिफरिस | १५० |
| ११ | नागरिकता प्रतिलीपी सिफारिस | २०० |
| १२ | विद्युत जडान सिफारिस | ५०० |
| १३ | व्यवसाय तथा उद्योग ठाँउसारी तथा नामसारी सिफारिस | १००० |
| १४ | जनजाति दलित प्रमाणित तथा सिफारिस | २०० |
| १५ | अविवाहित प्रमाणित तथा विवाहीत प्रमाणित | २०० |
| १६ | अशवण्डा सिफारिस | १००० |
| १७ | अन्य सिफारिस | २०० |
| १८ | उद्योग दर्ता सिफारिस १० एच पी भन्दा माथी | ८००० |
| १९ | उद्योग दर्ता सिफारिस १० एच पी भन्दा कम | ५००० |
| २० | जडिबुटी निकासी सिफारिस | १००० |
| २१ | व्यत्तिगत घटना दर्ताको विलम्व शुल्क | २०० |
| २१.१ | व्यत्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | ५०० |
| २१.२ | व्यत्तिगत घटना दर्ता तथा नागरिक अभिलेख दर्ता किताव हेरेको दस्तुर | २०० |
| २२ | आर्थीक अवस्था कमजोर प्रमाणित | निशुल्क |
| २३ | जग्गाधनी पुर्जामा फाटो टाँस सिफारिस | २०० |
| २४ | ईट्टा भट्टा सिफारिस | १०००० |
| २५ | नाता प्रमाणीत | ३०० |
| २६ | नीजी विद्यालय कक्षा थप दस्तुर कक्षा १ देखि ५ सम्म प्रति कक्षा | ७००० |
| २७ | नीजी विद्यालय कक्षा थप दस्तुर कक्षा ५ देखि माथी ८ सम्म प्रति कक्षा | १०००० |
| २८ | नीजी विद्यालय कक्षा थप दस्तुर कक्षा ८ देखि माथी १० सम्म प्रति कक्षा | २५००० |
| २९ | नीजी विद्यालय कक्षा थप दस्तुर कक्षा १० माथी देखि १२ सम्म प्रति कक्षा | ५०००० |
| २९.१ | नीजी विद्यालय कक्षा थप दस्तुर स्नातक तह वा सो भन्दा माथी | १००००० |

| | | |
|---|---|---|
| २९.२ | विद्यालय थप गर्न सिफारिस तथा अनुमति | ५००० |
| २९.३ | विद्यालय ठाँउ सारी गर्न सिफारिस | ५००० |
| २९.४ | जीवीत अथवा मृत्यु भएको सिफारिस | २०० |
| ३० | जन्म मिती प्रमाणीत गराउने | ५०० |
| ३१ | जग्गा प्लटिङ्ग अनुमति | २५००० |
| ३२ | मदिरा पसल र रेष्टुरेन्ट दर्ता सिफारिस | १२०० |
| ३३ | कृषिजन्य फर्म दर्ता सिफारिस | ५०० |
| ३४ | अन्य व्यवसाय दर्ता सिफारिस | १००० |
| ३५ | पेट्रोल पम्प सिफारिस | १२००० |
| ३६ | घरबाटो सिफारिस क बर्गको जग्गा प्रति कित्ता | १५०० |
| ३७ | घरबाटो सिफारिस ख बर्गको जग्गा प्रति कित्ता | १००० |
| ३८ | घरबाटो सिफारिस ग बर्गको जग्गा प्रति कित्ता | ८०० |
| ३९ | घरबाटो सिफारिस घ बर्गको जग्गा प्रति कित्ता | ६०० |
| ४० | घरबाटो सिफारिस ङ बर्गको जग्गा प्रति कित्ता | ५०० |
| ४१ | घरबाटो सिफारिस च बर्गको जग्गा प्रति कित्ता | ३०० |
| ४२ | घर जग्गाको मुल्याङ्कन एकलाख सम्म | १०० |
| ४३ | घर जग्गाको मुल्याङ्कन एक लाख माथी तीनलाख सम्म | ५०० |
| ४४ | घर जग्गाको मुल्याङ्कन तिन लाख माथी पाँच लाख सम्म | ८०० |
| ४५ | घर जग्गाको मुल्याङ्कन पाँच लाख माथी दश लाख सम्म | १००० |
| ४६ | घर जग्गाको मुल्याङ्कन दश लाख माथी पन्द्र लाख सम्म | १५०० |
| ४७ | घर जग्गाको मुल्याङ्कन पन्द्र लाख माथी वीस लाख सम्म | २५०० |
| ४८ | घर जग्गाको मुल्याङ्कन वीस लाख माथी तीस लाख सम्म | ३५०० |
| ४९ | घर जग्गाको मुल्याङ्कन तीस लाख माथी पचास लाख सम्म | ४५०० |
| ५० | घर जग्गाको मुल्याङ्कन पचास लाख माथी एक करोडसम्म | ६००० |
| ५१ | घर जग्गाको मुल्याङ्कन एक करोड माथी जतिसुकै सम्म | ८००० |
| ५२ | घर जग्गाको मुल्याङ्कन अग्रजीमा गर्दा नेपालीमा लाग्ने शुल्क भन्दा दोव्वर लाग्ने छ | |
| ५३ | सर्जमिन सहित नागरिकता सिफारिस | ३०० |
| ५४ | अन्य जुनसुकै सिफारिस | २०० |
| ५५ | चारकिल्ला प्रमाणित क बर्गको जग्गा प्रति कित्ता | १५०० |
| ५६ | चारकिल्ला प्रमाणित ख बर्गको जग्गा प्रति कित्ता | ५०० |
| ५७ | चारकिल्ला प्रमाणित ग बर्गको जग्गा प्रति कित्ता | ४०० |
| ५८ | चारकिल्ला प्रमाणित घ बर्गको जग्गा प्रति कित्ता | ३०० |
| ५९ | चारकिल्ला प्रमाणित ङ बर्गको जग्गा प्रति कित्ता | २०० |
| ६० | चारकिल्ला प्रमाणित च बर्गको जग्गा प्रति कित्ता | १०० |
| ६१ | अग्रेजीमा प्रमाणित गर्दा नेपालीमा लाग्ने शुल्कको दोव्वर लाग्ने छ | |
| ६२ | समुह दर्ता तथा नवीकरण सिफारिस | ३०० |
| ६३ | उद्योग तथा व्यवसाय लगत कट्टा दस्तुर/सिफारिस | ५०० |
| ६४ | निवेदन सिफारिस तर्फ | |

प्रमाणित

| | | |
|---|---|---|
| ६५ | टिकट वापत/निवेदन दस्तुर | १० |
| ६६ | आयश्रोत सिफारिस स्वदेशी | ५०० |
| ६७ | पारिवारिक लगत सिफारिस | ३०० |
| ६७.१ | कर क्लिरेन्स सिफारिस स्वदेशी प्रयोजन | ५०० |
| ६७.२ | पेन्सन सिफारिस स्वदेशी | ३०० |
| ६७.३ | पेन्सन सिफारिस भारतीय | ७०० |
| ६७.४ | पेन्सन सिफारिस तेस्रो मुलुक | १००० |
| ६७.५ | पेन्सन नामसारी स्वदेशी | ३०० |
| ६७.६ | पेन्सन नामसारी भारतीय | ७०० |
| ६७.७ | पेन्सन नामसारी तेस्रो मुलुक | १००० |
| ६७.८ | जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि सिफारिस | ३०० |
| ६७.९ | बसाई सराई गरी आउनेलाई सेवा शुल्क वाफत | ५०० |
| ६७.१० | फाराम बिक्रि | |
| ६७.११ | नक्सा पास फाराम | ५०० |
| ६७.१२ | पेशा व्यवसाय प्रमाणपत्र | १०० |
| ६७.१३ | सम्पत्तीकर र श्रेष्ता कायम फाराम | निशुल्क |
| ६७.१४ | नाता प्रमाणित अन्य प्रयोजन सर्जमिन सहित | ५०० |
| ६७.१५ | अस्थायी बसोबास सिफारिस | ७५० |
| ६८ | स्थायी बसोबास सिफारिस स्वदेशी | ५०० |
| ६९ | फरक फरक नाम/जन्म मिति/ठेगाना एउटै संशोधन सिफारिस | २५० |
| ७० | आदिवासी जनजाति दलित प्रमाणित सिफारिस | २५० |
| ७०.१ | नाबालक नाबालिका सिफारिस | २५० |
| ७०.२ | खानेपानी /टेलिफोन नयाँ जडान सिफारिस | २०० |
| ७१ | अंगिकृत नागरिकता सिफारिस | १५०० |
| ७१.१ | वैदेशिक प्रयोजन तर्फका सिफारिसहरु | |
| ७१.२ | जन्ममिति प्रमाणित | १५०० |
| ७१.३ | विवाहित/अविवाहित प्रमाणित | १५०० |
| ७१.४ | ठेगाना प्रमाणित | १५०० |
| ७१.५ | चारित्रिक प्रमाणित | १५०० |
| ७१.६ | स्थायी बसोबास सिफारिस | १५०० |
| ७१.७ | नाम फरक वैदेशिक प्रयोजन | १५०० |
| ७१.८ | ठेगाना प्रमाणित विदेशी प्रयोजन | १५०० |
| ७१.९ | आयश्रोत सिफारिस विदेशी प्रयोजन | २५०० |
| ७१.१० | कर क्लिरेन्स सिफारिस विदेशी प्रयोजन | ५०० |
| ७१.११ | यि वाहेकका अन्य विदेशी प्रयोजन सिफारिसहरु | १५०० |

| | | | |
|---|---|---|---|
| ७१.१२ | नामसारी सिफारिस तर्फ | | |
| ७२ | खानेपानी/विद्युत/टेलिफोन नामसारी सिफारिस | | ७०० |
| ७२.१ | घर नक्सा नामसारी | | १००० |
| ७२.२ | घर निर्माण इजाजत नामसारी | | ३०० |
| ७२.३ | अटोरिक्सा ईरिक्सा दर्ता नामसारी | | ७५० |
| ७२.४ | पेशा व्यवसाय नामसारी | | ४०० |
| ७२.५ | उद्योग ठाउँसारी | | २००० |
| ७२.६ | उद्योग नामसारी | | २५०० |
| ७२.७ | आन्तरिक राजश्व कार्यालय वा घरेलु व्यवसाय दर्ता र लगत कट्टा सिफारिस | | ९०० |
| ७२.८ | सम्पत्तीकर/मालपोत रसिदको प्रतिलिपि दिंदा | | ५० |
| ७२.९ | मोहि लगत कट्टा सिफारिस | | |
| ७२.१० | मोहि लगत कट्टा ५ कट्ठासम्म | | ७०० |
| ७३ | मोहि लगत कट्टा ५ कट्ठा देखि माथी १० कट्ठासम्म | | १००० |
| ७३.१ | मोहि लगत कट्टा १० कट्ठा देखि माथी १५ कट्ठासम्म | | ११०० |
| ७३.२ | मोहि लगत कट्टा १५ कट्ठा देखि माथी १ बिगाहासम्म | | १५०० |
| ७३.३ | मोहि लगत कट्टा १ विघाहा देखि माथी ५ बिगाहासम्म | | २००० |
| ७३.४ | मोहि लगत कट्टा ५ विघाहा देखि माथी १० बिगाहासम्म | | २५०० |
| ७३.५ | मोहि लगत कट्टा १० विघाहा देखि माथि जतिसुकै भएपनि | | ४००० |
| ७३.६ | अपुताली सिफारिस | | |
| ७३.७ | तीनपुस्ता वाहेक अपुताली सिफारिस | | ७००० |
| ७३.८ | तीनपुस्ता भित्र अपुताली सिफारिस | | ५००० |
| ७३.९ | मदिरा डिलर सिफारिस तर्फ | | |
| ७३.१० | मदिरा डिलरको इजाजत सिफारिसमा | | २५०० |
| ७३.११ | अन्य डिलरको इजाजत सिफारिसमा | | २००० |
| ७४ | घर कायम सिफारिस | | |
| ७४.१ | पक्की घर प्रति वर्गफिट | | २.५० |
| ७४.२ | पक्की घर सम्पन्न सिफारिस | | ७०० |
| ७४.३ | कच्ची घर सम्पन्न सिफारिस | | ३०० |
| ७४.४ | रुख कटान सिफारिस | | १००० |
| ७४.५ | सार्वजनिक सुविधा उपभोग सेवा शुल्क | | |
| ७४.६ | रांगा काटने र मासु बिक्रि गर्नेसँग प्रतिगोटा | | ५० |

| | | | |
|---|---|---|---|
| ७४.७ | खसी, वोका, बाखी, भेडा काटने र मासु बिक्रि गर्नेसँग प्रतिगोटा | | १५ |
| ७४.८ | रांगा भैसी व्यापार गर्न ल्याउनेलाई प्रति जिउ | | ५० |
| ७५ | शिक्षा सेवा तर्फ सिफारिस शुल्क | | |
| ७५.१ | निजी क्षेत्रका क्याम्पस | | १०००० |
| ७५.२ | नीजी क्षेत्रका आधारभूत तह विद्यालय कक्षा थप | | ५००० |
| ७६ | नीजी क्षेत्रका माध्यामिक तह विद्यालय कक्षा थप | | ७००० |
| ७६.१ | तालिम तथा अनुसन्धान केन्द्र | | ३००० |
| ७६.२ | टाइपिङ कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | ३००० | |
| ७७ | अन्तराष्ट्रिय गैरसरकारी संस्था | ५००० | |
| ७७.१ | संघ संस्था दर्ता सिफारिस | १००० | |
| ७७.२ | संघ संस्था नविकरण सिफारिस | | |
| ७७.३ | ५ लाखसम्मको वार्षिक कारोबार भएको | ५०० | |
| ७७.४ | ५ लाख भन्दा माथि २० लाख सम्मको कारोबार | १५०० | |
| ७७.५ | २० लाख भन्दा माथिको वार्षिक कारोबार | २००० | |
| ७८ | ताला खुलाउनेमा (घरधनीले व्यहोर्नु पर्ने) | ७०० | |
| ७८.१ | बाटो प्रमाणित | १००० | |
| ७८.२ | जग्गा नापी, लोकेशन तथा साइटप्लानको सेवा शुल्क | १००० | |
| ७९ | व्यवसाय फर्म दर्ता शुल्क (सबै फर्म व्यवसाय दर्ता शुल्क) | २०० | |
| ७९.१ | नक्साको कि.नं. परिवर्तन वा छुट सिफारिसमा | ५०० | |
| ७९.२ | घर निर्माण सम्पन्न भएको सिफारिस | ७०० | |
| ७९.३ | नक्सा पास प्रमाणपत्र नक्कल दिंदा (नक्सा सहित) | ५०० | |
| ७९.४ | इजाजत पत्रको नक्कल दिंदा | १५० | |
| ७९.५ | बाटो कटान तर्फ सेवा शुल्क | | |
| ७९.६ | पक्की सडक प्रति वर्ग मि. | २२०० | |
| ८० | ग्रेभल सडक प्रति वर्ग मि. | २०० | |
| ८१ | टोल विकास संस्था तर्फ | | |
| ८१.१ | उद्यमी समूह दर्ता गर्दा | ७०० | |
| ८१.२ | टोल विकास संस्था सिफारिस | ५०० | |
| ८१.३ | टोल विकास संस्था नविकरण | ३०० | |
| ८२ | प्रतिलिपि दिंदा | १५० | |

| | | |
|---|---|---|
| ८३ | जग्गा विकास कार्यक्रम सेवा शुल्क शहरी क्षेत्र | |
| ८४ | १ कट्ठा देखि ५ कट्ठासम्मको जग्गामा | ६००० - |
| ८५ | ५ कट्ठा देखि माथी १० कट्ठासम्मको जग्गामा | १०००० |
| ८६ | १० कट्ठा देखि माथी १५ कट्ठासम्मको जग्गामा | ३३००० |
| ८७ | १५ कट्ठा देखि माथी २० कट्ठासम्मको जग्गामा | ४०००० |
| ८८ | २० कट्ठा देखि माथी २५ कट्ठासम्मको जग्गामा | ५०००० |
| ८९ | २५ कट्ठा देखि माथी ३० कट्ठासम्मको जग्गामा | ६०००० |
| ९० | ३० कट्ठा देखि माथी ३५ कट्ठासम्मको जग्गामा | ६५००० |
| ९१ | ३५ कट्ठा देखि माथी ४० कट्ठासम्मको जग्गामा | ७५००० |
| ९२ | ४० कट्ठा देखि माथी ४५ कट्ठासम्मको जग्गामा | ९०००० |
| ९३ | ४५ कट्ठा देखि माथिको जुनसुकै जग्गामा | १००००० |
| ९३.१ | जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने व्यक्ति वा सस्थाले गाउँपलिकाबाट अनुमति लिनु पर्नेछ । | |
| ९३.२ | गाउँपालिकाको सवारी साधन भाडा | |
| ९४ | व्याकहोलोडर प्रतिघण्टा ( प्रतिघण्टाको हिसाव गर्दा व्याकहोलोडर रहेको स्थानबाट कार्यस्थल सम्म पुग्न लाग्ने दुरीमा लागेको समय समेत गणना हुनेछ ) | १८०० |
| ९४.१ | टयाक्टर भाडा खेतीयोग्य जमीनमा काम गर्दा प्रति घण्टा | १४०० |
| ९४.२ | टयाक्टर भाडा गाउँपालिका भित्र २ कि मी सम्म प्रति ट्रिप | ६०० |
| ९४.३ | टयाक्टर भाडा गाउँपालिका भित्र २ देखि ६ कि मी सम्म प्रति ट्रिप | १२०० |
| ९४.४ | टयाक्टर भाडा गाउँपालिका भित्र ६ कि मी माथी प्रति कि मी मा प्रति ट्रिप थप | थप १०० |
| ९४ | सस्थागत विद्यालयको नतिजा प्रकाशन दस्तुर प्रति विद्यार्थी | २०० |
| ९४.१ | कक्षा ८ को प्रमाणपत्र प्रतिलीपी | ५० |
| ९४.२ | विकाससँग सम्वन्धीत उपभोत्ता समुहको योजनाका विभिन्न सिफारिस | निशुल्क |
| ९४.३ | इन्जिनीयरिङ्ग कन्सल्ट सेवाहरुको सूचीकृत दस्तुर | २००० |
| ९४.४ | लेखापरिक्षकहरुको सुचीकृत दस्तुर | १००० |

प्रमाणित

## अनुसूची-१४
## जरिवानासँग सम्वन्धीत दर

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (१५) सँग सम्बन्धित

| क्र.स. | विवरण | जरीमाना दर |
|---|---|---|
| १ | राँगा/भैंसी, गाई, गोरु, वाखा, भेडा, सुंगुर, बंगुर आदि छरुवा वा छाडा छाडेमा हकवालाबाट पटकै पिच्छे प्रति पशु | १० लिई विगो भराउने |
| २ | पंक्षीहरु हाँस, कुखुरा वा यस्तै अन्य पंक्षिहरु छाडा छाडेमा हकवालाबाट पटकै पिच्छे प्रति पशु | १० लिई विगो भराउने |
| ३ | अनाधिकृत रुपमा ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल वा अन्य यस्तै प्राकृतिक श्रोतको उत्खनन् वा ओसार-पसार गर्ने प्रति सवारी साधन | |
| क) | पावर टेलर (प्रथम पटक) | ५००० |
| ख) | ट्याक्टर (प्रथम पटक) | २०००० |
| ग) | टिप्पर, ट्रक आदि (हेभि मालबाहक साधन) प्रथम पटक | ४०००० |
| घ) | व्याकहोलोडर, डोजर आदि ( हेभि इकयुपमेन्ट) प्रथम पटक | ७०००० |
| ङ) | माथि उल्लेखित सवारी साधनहरुले सोही प्रकृतिको कार्य दोहोऱ्याएको खण्डमा प्रतिसाधनलाई दोस्रो पटक देखि दोव्वर जरिमाना अशुल गरिने छ | |
| ७ | खोलामा करेन्ट लगाई माछा मार्ने प्रति व्यक्ति प्रति पटक | ३००० |
| ८ | अनुमति नलिइ सडकमा निर्माण सामाग्री थुपारेमा प्रति पटक | २००० |
| १० | व्यापारीक प्रयोजनका लागि घरनक्शा पास नगरि निर्माण कार्य गरेमा प्रति हकवाला | १००० |
| ११ | घर नक्शापास नगरेको | २००० |
| १२ | बार्षिक रुपमा गाउँपालिकामा बुझाउनु पर्ने भूमीकर, सम्पत्ति कर, व्यवसाय कर वा यस्तै आर्थिक ऐन अनुसारको दायित्व बमोजिमको कर बुझाउन विलम्ब गरी बुझाउनु पर्ने दायित्व भएको आ.व. भन्दा फरक आ.व.मा बुझाउन आएमा विलम्व भएको रकम अङ्कको | १०% |
| १३ | प्लटिङ्ग अनुमति लिई कार्य गरेको बाहेक खेतीयोग्य जमीनमा खेती नगरी सालभरी जग्गा बाँझो राखेमा सम्बन्धीत जग्गाधनीबाट उक्त जग्गामा लाग्ने मालपोतको जरिमाना लाग्ने प्रतिशत | २५% |
| १४ | कसैले वनमा डढेलो लगाएमा पटकै पिच्छे लाग्ने जरीमाना ( थप अन्य कुरा कानुन बमोजिमको सम्बन्धीत निकायमा हुने) | ५०,००० |

## अनुसूचि-१५
## घर नक्सापास दस्तुर

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (१६) सँग सम्बन्धित

| सि.न. | घरको प्रकार | दर रु. (प्रति वर्ग फिट) |
|---|---|---|
| १ | नयाँ निर्माण हुने आवासिय | ४ |
| २ | नयाँ निर्माण हुने व्यापारिक | ५ |
| ३ | नयाँ निर्माण हुने पक्कि ईटाको गारा र टिनको छानो | ३ |
| ४ | नयाँ निर्माण हुने टिन तथा टायलको छानो | २ |
| ५ | नयाँ निर्माण हुने व्यावसायिक प्रयोजनका ट्रस्ट र टिनको छानो | ३ |
| ६ | निर्माण भई सकेको घरको नक्सापास अभिलेखिकरण आवासिय | ४ |
| ७ | निर्माण भई सकेको घरको नक्सापास अभिलेखिकरण व्यापारीक | ५ |
| ८ | निर्माण भई सकेको घरको नक्सापास अभिलेखिकरण पक्की ईट्टाको टिनको छानो | ३ |
| ९ | निर्माण भई सकेको घरको नक्सापास अभिलेखिकरण टिन तथा टायलको छानो | २ |
| १० | पर्खाल निर्माण गर्दा प्रति रनिङ्ग फुट | २ |

## अनुसूचि-१६
## कर छुट तथा प्रोत्साहन सम्वन्धी व्यवस्था
दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७८ दफा (१७) सँग सम्बन्धित

| सि.न. | कर छुट हुने क्षेत्र र प्रोत्साहन |
|---|---|
| १ | घर नक्साको अभिलेखिकरण गर्ने सूचना बमोजिम आर्थिक वर्ष ०७८/०७९ को पुष मसान्त सम्म अभिलेखिकरण गर्न आउनेलाई तोकीयको शुल्कको ५०% छुट दिईने छ। |
| २ | महिला, 'क' र 'ख' वर्गको अपाङ्गता प्रमाण पत्र भएका व्यक्ति, अल्पसंख्यक र लोपउन्मुख भनी सूचीकृत भएका जाती जनजाति, दलित र गरिवीको प्रमाणपत्र पाएका विपन्न समुदायले तिर्ने सम्पत्तिकर, मालपोत, व्यवसाय करं, वहाल विरौटी कर, नक्सापास दस्तुरमा तोकीएको दरमा कुल रकम हिसाव गरी लाग्ने रकमको २५% छुट दिईने छ। |
| ३ | कोभिड १९ बाट अर्थतन्त्रमा परेको प्रभावलाई दृष्टिगत गरी आ.व. ०७८/०७९ मा गाउँपालिकालाई बुझाउनु पर्ने कुल कर रकम कार्यपालिकाले तोकेको म्याद भित्र कर बुझाएमा १०% छुट, कोभिड-१९ को महामारीको कारणले मृत्युवरण गरेको परिवारलाई गाउँपालिकाको तर्फवाट लाग्ने कुल कर रकममा ५०% छुट दिईने छ। |
| ४ | महिला उद्यमी, अल्पसंख्यक र लोपउन्मुख सूचीकृत जाति जनजाती, दलित, गरीवीको प्रमाणपत्र पाएका विपन्न, कृषि तथा पशुपालन सम्वन्धी व्यवसायिक फर्म, पर्यापर्यटन सम्वन्धी उद्यम, औद्योगिक ग्राममा सञ्चालन हुने सबै प्रकारका उद्यम, सहकारीको स्वामित्वमा सञ्चालन हुने उद्यम, एकै परिवारका व्यक्तिले एक भन्दा वढी उद्यम सञ्चालन गरी सो को विवरण गाउँपालिकामा पेश हुन आएमा यस्ता करदातालाई २५% छुट दिईने छ। |
| ५ | अवैध रुपमा नदिजन्य पदार्थको उत्खनन् तथा ओसार पसार गर्नेलाई प्रहरी प्रशासनबाट पक्राउ भई राजस्व असुली भएमा सो असुली रकमको १५ % रकम सम्वन्धीत प्रहरी प्रशासनलाई उपलब्ध गराईने छ। |

प्रमाणित
२०७८।३।३०